# बाल क्लव गठन,परिचालन तथा दर्ता कार्यविधि,२०७९

उत्तरगया गाउँपालिकाको कार्यालय लहरेपौवा, रसुवा ।
बागमती प्रदेश ।

उत्तरगया गाउँपालिका

## उत्तरगया गाउँपालिकाको बालक्लब गठन,परिचालन तथा दर्ता कार्यविधि,२०७९

मिति :-२०७९।३।२०

उत्तरगया गाउँपालिका क्षेत्र भित्र बालमैत्री शासन प्रवर्द्धनका लागि यस गाउँपालिकाका सवै वडामा गठन गरिने वडा स्तरीय बाल क्लब र गाउँपालिका स्तरीय बालक्लब गठन तथा परिचालनमा एकरुपता ल्याउने उद्देश्यले उत्तरगया गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"उत्तरगया गाउँपालिकाको बाल क्लब गठन,परिचालन र दर्ता सम्बन्धि कार्यविधि,२०७९"** रहेको छ ।

(ख).यो कार्यविधि उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वाट प्रमाणित भए पछि उत्तरगया गाउँपालिका क्षेत्र भर लागु हुनेछ ।

**२.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क)**"कार्यविधि"** भन्नाले **"उत्तरगया गाउँपालिकाको बाल क्लब गठन ,परिचालन दर्ता सम्बन्धि कार्यविधि, २०७९"** सम्झनु पर्छ ।

(ख)**"पदाधिकारी"** भन्नाले वडा स्तरीय बालक्लब तथा गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षलाई सम्झनुपर्छ ।

(ग) **"कार्यकारी सदस्य"** भन्नाले वडा स्तरीय तथा गाउँपालिका स्तरीय कार्यकारी समितिका सदस्यलाई सम्झनुपर्दछ ।

(घ) **"साधारण सदस्य"** भन्नाले वडा स्तरीय बाल क्लबमा सूचिकृत सम्बन्धित वडा भित्रका १८ वर्ष मुनिका सबै बालबालिकालाई सम्झनुपर्छ ।

(ङ) **"गाउँपालिका"** भन्नाले उत्तरगया गाउँपालिका तथा मातहतका वडा कार्यालय समेतलाई सम्झनुपर्छ ।

(च) **“क्लब”** भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय बाल क्लब तथा गाउँपालिका स्तरीय बाल क्लब समेतलाई सम्झनुपर्दछ ।

(छ) **“अध्यक्ष”** भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय बाल क्लब तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष समेतलाई सम्झनुपर्छ ।

(ज)**“कार्यकारी समिति”** भन्नाले वडा स्तरीय बाल क्लबको पदाधिकारी सहितको समिति तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय पदाधिकारी सहितको समिति समेतलाई सम्झनुपर्छ ।

३.**क्लब दर्ता तथा नवीकरण** : यस बमोजिम गठन हुने प्रत्येक क्लबले दर्ता तथा नविकरण अनुसूचि १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयले गर्नु पर्दछ ।

४.**वार्षिक साधारण सभा र नेतृत्व चयन :**

(क)सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र कम्तिमा ७ दिन अगावै प्रत्येक क्लबको अध्यक्षले वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(ख) उपनियम (१) बमोजिम वार्षिक सभा नबोलाइएको अवस्थामा सम्बन्धित वडाका वडा अध्यक्षले ७ दिनभित्र सम्बन्धित क्लबको वार्षिक साधारण सभा बोलाई दिनुपर्नेछ ।

(ग) वार्षिक साधारण सभाको गणपुरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

(घ) वार्षिक साधारण सभाको अध्यक्षता क्लबको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्ने । क्लबको अध्यक्ष र उपाध्यक्ष दुवै अनुपस्थित भएमा उपस्थित बहुमत सदस्यहरुले छानेको सदस्यले वार्षिक साााधारण सभाको अध्यक्षता गर्नेछ ।

५.वार्षिक साधारण सभाले प्रत्येक आर्थिक वर्षका लागि पदाधिकारी र कार्यकारी सदस्य सहितको नेतृत्व चयन गर्नेछ र यसरी नेतृत्व चयन गर्दा विगतका क्लबमा बसेको व्यक्ति पुन:पदाधिकारी तथा कार्यकारी सदस्यमा दोहोरिने छैन ।

६. **कार्यकारी समिति :**

(क)प्रत्येक क्लबमा एक कार्यकारी समिति रहनेछ ।

(ख)कार्यकारी समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(ग)कार्यकारी समितीको वैठकमा कार्यकारी समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ)कार्यकारी समितिको बैठकको निर्णय सर्व सम्मतिबाट हुनेछ ।

(ङ)उपनियम (४)बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यकारी समितिमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यकारी समितीको निर्णय हुनेछ ।

(च)वार्षिक साधारण सभा गर्ने भनी कार्यविधिमा स्पष्ट व्यवस्था भएकोमा बाहेक क्लबबाट सम्पादन हुने काम कारबाही क्लबको कार्यकारी समितिले गर्नेछ ।

**(७) अभिलेख राखी दिनु पर्ने :**

प्रत्येक क्लबले आफ्नो काम कारबाही व्यवस्थित र पारदर्शी गर्नका लागि तयार गरेका देहाय बमोजिमका अभिलेखहरु सम्बन्धित वडा कार्यालयको वडा सचिवले अद्यावधिक गरी राखि दिनुपर्नेछ - :

(क) सदस्य दर्ता अभिलेख,

(ख) साधारण सभा र कार्यकारी समितिसँग सम्बन्धित सम्पूर्ण अभिलेख,

(ग) गाउँपालिकाले तोकेको अन्य आवश्यक कुराहरु ।

**(८) क्लबको सदस्यता प्राप्ति र निलम्बन :**

(१)क्लबको कार्य क्षेत्र भित्रका प्रत्येक घरघुरीका १८ वर्ष मुनिका बालबालिकाले क्लबको सदस्यता लिन चाहेमा सम्बन्धित वडा सचिव मार्फत कार्यकारी समिति समक्ष सदस्यता प्राप्तिका लागि आवेदन दिनुपर्नेछ र क्लबको कार्यकारी समितिले आफ्नै कार्य क्षेत्रभित्रको बालबालिका भए

नभएको यक़िन गरी कार्यक्षेत्र भित्रको भए साधारण सदस्यमा सिफारीस गनुपर्नेछ ।

(२) कायविधि विपरीत कार्य गर्ने क्लबको कुनै पनि सदस्यलाई क्लबको कार्यकारी समितिको बहुमत सदस्यले निर्णय गरी बढीमा छ महिना सम्मका लागि सदस्य पदबाट निलम्बन गर्न सक्नेछ ।

**(९) क्लबको काम, कर्तव्य र अधिकार :**

**यस कार्यविधिको अन्य नियममा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारको अलावा प्रत्येक क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) क्लबमा आबद्ध सदस्य सहित १८ वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ वक्तित्व कला निबन्ध, लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने ।

(ख) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने ।

(ग) गाउँपालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले संञ्चालन गर्ने जनचेतना मूलक कार्यमा सक्रिय सहभागीता जनाउने ।

(घ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री उत्तरगया गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने ।

(ङ) पूर्ण साक्षर,पूर्ण खोप,पूर्ण घटना दर्ता,पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग  गर्ने ।

(च) उत्तरगया गाउँपालिकालाई मुलुककै नमुना गाउँपालिकाको रुपमा स्थापना गर्ने तर्फ सदैव अग्रसर रहने ।

(छ) आफ्नो वडालाई शैक्षिक बन्द, हड्ताल निषेधित क्षेत्र तोक्ने. व्यवस्था मिलाउने ।

(ज) क्लबले आफूलाई प्राप्त जिम्मेवारी कार्यान्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढिमा ५ जना साधारण सदस्यहरु सम्मिलित उप-समितिहरु गठन गर्न सक्ने ।

(झ) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

**(१०) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

**यस कार्यविधिको नियममा उल्लेख गरिएको काम , कर्तव्य र अधिकारको अलावा प्रत्येक क्लबका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) वार्षिक साधारण सभा र कार्यकारी समितिको क्लब बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) वार्षिक साधारण सभा र कार्यकारी समितीको बैठकको कार्यसूचि तथा प्रस्ताव पेश गर्ने गराउने ।

(ग) गाउँपालिका एवं क्लबको साधारण सभा र कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्न गराउन सदैव तल्लीन रहने ।

(घ) कार्यकारी समितिको कामको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने ।

(ङ) क्लबको प्रतिनिधित्व एकल रुपमा गर्नुपर्ने भएमा सो कार्य गर्ने ।

(च) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(११) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

**प्रत्येकः क्लबको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार समाल्ने ।

(ख) क्लबका सदस्यहरुलाई तोकिएको काममा सहजीकरण र समन्वय गर्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१२) सचिवको काम, कर्तव्य र अधिकार :**

**प्रत्येक क्लबको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) साधारण सभा र कार्यकारी समितिको सचिवको रुपमा काम गर्ने ।

(ख)साधारण सभा र कार्यकारी समितिको निर्णयको अभिलेख सम्बन्धित वडा सचिवलाई बुझाउने ।

(ग)अध्यक्षको निर्देशनमा साधारण सभा र कार्यकारी समितिको बैठकको लागि पत्राचार गर्ने ।

(घ) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१३) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

**प्रत्येक क्लबको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) क्लबमा आबद्ध सदस्यहरुले स्वेच्छाले संकलित कोषको हिसाब तथा अभिलेख दुरुस्त राख्ने ।

(ख) क्लबबाट संचालित कार्यक्रमहरुको अभिलेख राख्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१४).कार्यकारी सदस्यको काम ,कर्तव्य र अधिकार :**

**प्रत्येक क्लबको कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) कार्यकारी समितिको बैठकमा भाग लिई निर्णय प्रकृयामा सकृय सहभागिता जनाउने ।

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१५.साधारण सदस्यको काम ,कर्तव्य र अधिकार :**

**कार्यविधिको नियम बमोजिम क्लबमा आबद्व साधारण सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) वार्षिक साधारण सभामा भाग लिई निर्णय प्रकृयामा सक्रिय सहभागिता जनाउने ।

(ख) आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम कार्यान्वयनमा क्लबलाई रचनात्मक सल्लाह सुझाव सहित निरन्तर सहयोग गर्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१६. सल्लाहकार समितिको गठन, काम, कर्तव्य र अधिकार :-**

(१) प्रत्येक वडा स्तरीय क्लबमा एक सल्लाहकार समिति रहनेछ । तर पहिलोपटक क्लबको कार्यकारी समितिसँगै गठित सल्लाहकार समिति यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ ।

(२)गाउँपालिका स्तरीय बाल क्लबको सल्लाहकार समितिमा गाउँकार्यपालिकाले तोकेका १८ वर्ष उमेर पूरा भएका बढीमा ५ जना सदस्य रहेको एक समिति गठन गर्न सक्नेछ ।

**(३) सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) क्लबले संम्पादन गरिरहेका क्रियाकलापहरुको बारेमा क्लबलाई सल्लाह, सुझाव र मार्गदर्शन गर्ने र सोको जानकारी गाउँपालिकालाई समेत गराउने ।

(ख) गाउँपालिकाले तोकेको अन्य काम गर्ने ।

**१७.गाउँपालिका स्तरीय बाल क्लबको गठन , काम, कर्तव्य र अधिकारः-**

(१) कार्यविधि बमोजिम प्रत्येक वडामा गठन हुने वडास्तरीय बाल क्लबहरुको कार्यकारी समितिबाट तीन/तीन जना पदाधिकारीको प्रतिनिधित्व रहने गरी एक जना अध्यक्ष, उपाध्यक्ष, एकजना सचिव, एकजना कोषाध्यक्ष, अन्य आवश्यक सदस्य सहित एक गाउँपालिका स्तरीय बाल क्लबको गठन हुनेछ । यसरी गठन हुने गाउँपालिका स्तरीय क्लबको दर्ता तथा नवीकरण गाउँकार्यपालिकाको कार्यलयमा गर्नुपर्नेछ ।

(२) एक पटक गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष भएको व्यक्ति पुनःअध्यक्ष पदमा नदोहोरिने गरी प्रत्येक वर्ष उपनियम (१) मा उल्लेखित प्रक्रिया अवलम्बन गरी गाउँपालिका स्तरीय क्लबको पुर्नःगठन गर्नु पर्नेछ ।

**(१८) गाउँपालिका स्तरीय बाल क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क)प्रत्येक वडा स्तरीय क्लबमा आवद्ध सदस्य सहित १८ वर्षमुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका गाउँपालिका स्तरीय हाजिरी जवाफ ,वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि संचालन गर्ने ।

(ख)गाउँपालिका क्षेत्रभित्र विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्वन्धित वडा कार्यालय एवं गाउँकार्यपालिकाको कार्यालयसँग आवश्यक समन्वय गरी विद्यालय भर्नाको व्यवस्था मिलाउने ।

(ग)गाउँपालिका तथा प्रत्येक वडा भित्रका टोल विकास संस्थाहरुले संचालन गर्ने जनचेतना मूलक कार्यमा सक्रिय सहभागिता जनाउने ।

(घ)बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रहि बालमैत्री उत्तरगया गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने।

(ङ)पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने।

(च) उत्तरगया गाउँपालिकालाई मुलुककै नमुना गाउँपालिकाको रुपमा स्थापना गर्न सदैव अग्रसर रहने ।

(छ) यस गाउँपालिकालाई शैक्षिक बन्द हडताल निशेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने ।

(ज) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ,गराउने ।

**१९) क्लबको कार्यकारी समितिको निलम्बन वा खारेजी :**

(१) देहायका उल्लेखित कुनै पनि अवस्थामा सम्बन्धित वडा समितिले वडा स्तरीय बाल क्लबको कार्यकारी समितिलाई अर्का व्यवस्था नहुञ्जेल सम्मको लागि निलम्बन वा खारेजी गर्न सक्नेछ ।

(क)कार्यविधिमा उल्लेखित समय अवधिमा वार्षिक साधारण सभा वा कार्यकारी समितीको बैठक नबसेमा,

(ख) कार्यविधिमा उल्लेखित प्रावधान विपरीतको कार्य गरेको प्रमाणित भएमा,

(ग) गाउँपालिकाले दिएको निर्देशनको बारम्बार उल्लघंन गरेमा ।,

(२) उपनियम (१) बमोजिम कुनै पनि क्लबको कार्यकारी समितिलाई निलम्वन वा खारेजी गर्नु अघि वडा समितिले क्लबको उक्त कार्यकारी समितिलाई ७ दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनेछ ।

(३) उपनियम (२) बमोजिमको समयावधिमा क्लबको कार्यकारी समितिले चित्त बुझ्दो सफाई पेश नगरेमा वडा समितिले क्लबको कार्यकारी समिति निलम्वन वा खारेजी प्रक्रियालाई स्थगन गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम कुनै पनि क्लबको कार्यकारी समिति खारेजी भएमा सम्बन्धित वडाले कार्यविधि बमोजिमको प्रक्रिया अवलम्बन गरी क्लबमा सूचिकृत सदस्यहरुको भेलाबाट पुनःक्लबको नयाँ कार्यकारी समिति गठन गर्नुपर्दछ ।

## २०. क्लब गठनमा लैङ्गिक समावेशिता कायम गर्नुपर्ने :

(१) यस कार्यविधि बमोजिम गठन गरिने वडास्तरीय बाल क्लब तथा गाउँपालिका स्तरीय बाल क्लबको कार्यकारी समितिमा सकभर महिला र पुरुषको बराबरी उपस्थिती हुने व्यवस्था मिलाउनुपर्नेछ भने अध्यक्ष र सचिव पदमा एक जना महिला र एकजना पुरुषको अनिवार्य सुनिश्चितता मिलाउनुपर्नेछ ।

अनुसूचि – १
(नियम ३ सँग सम्बन्धित )
उत्तरगया गाउँपाालिका
गाउँकार्यपालिको कार्यालय
लहरेपौवा, रसुवा ।

## बाल क्लब दर्ताको प्रमाण–पत्र ।

दर्ता न –:

उत्तरगया गाउँपालिका क्षेत्रभित्र बालमैत्रि शासन प्रवर्द्धनका लागि "उत्तरगया गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०७९" नियम ३ बमोजिम गाउँपालिकाको वडा नं. ...भरी आफ्नै कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको बाल क्लब दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।
(क) क्लबको नाम : वडास्तरीय बाल क्लब वडा नं...

(ख) क्लब रहने ठेगाना : वडा नं.... उत्तरगया गाउँपालिका ,रसुवा ।

द्रष्टव्य : कार्यविधिको नियम बमोजिमको प्रत्येक वर्ष साधारण सभा गरी नियम (३) बमोजिम क्लबको नवीकरण गर्नु पर्दछ । क्लब दर्ता गर्ने अधिकारीको नाम, थर र दर्जाः

दस्तखतः
नाम, थर :
दर्जाः
वडा नं.

नवीकरण :

| क.स | नवीकरण बहाल रहने अवधि | | नवीकरण गर्ने वडा कार्यालयको छाप र हस्ताक्षर |
|---|---|---|---|
| | देखी | सम्म | |
| | | | |

अनुसूचि–१
(नियम ३ सँग सम्बन्धित )
उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा,रसुवा ।

## गाउँपालिका स्तरीय बाल क्लब दर्ताको प्रमाण–पत्र ।

दर्ता न –:

उत्तरगया गाउँपालिका क्षेत्रभित्र बालमैत्री शास प्रवर्दनका लागि उत्तरगया गाउँपालिकाको बालक्लब ,परिचालन दर्ता कार्यविधि, २०७९" को नियम बमोजिम गाउँपालिका क्षेत्रभरि आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको हुनेगरी बाल क्लब दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

(क) क्लबको नाम : गाउँपालिका स्तरीय बाल क्लब..............

(ख) क्लब रहने ठेगाना :उत्तरगया गाउँपालिका लहरेपौवा, रसुवा ।

द्रष्टव्य : कार्यविधिको नियम(५)बमोजिमको प्रत्येक वर्ष बार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लबको नविकरण गर्नुपर्दछ ।
क्लब दर्ता गर्ने अधिकारीको नाम :
दस्तखत:
नाम, थर :
दर्जा:
कार्यालय:
नविकरण

| क्र.स | नवीकरण बहाल रहने अवधि | | नवीकरण गर्ने गाउँपालिका कार्यालयको छाप र हस्ताक्षर |
|---|---|---|---|
| | देखी | सम्म | |
| | | | |

................................
प्रमुख प्रशासकीय अधिकृत